नरैनापुर गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
५ नं. प्रदेश, नेपाल

**E-Bidding मार्फत सोलार वाटर पम्पिंग सिस्टम जडान कार्य खरिद गर्ने सम्बन्धी दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : २०७५/०७/१६ गते)

१) यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका सोलार वाटर पम्पिंग सिस्टम जडानहरुको E-Bidding मार्फत खरिद गर्नु पर्ने भएकोले सप्लाई गर्न इच्छुक दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि दरभाउपत्रको हकमा १५ औं दिनको कार्यालय समयभित्र दरभाउपत्र पत्र फारम PPMO को Website: **www.bolpatra.gov.np/egp** बाट Download गरी प्राप्त गर्न सकिने छ ।

३) सूचना प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा १६ औं दिनको १२:०० बजेभित्र दरभाउपत्र फारमसाथ दरभाउपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व.२०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७५/०७६ को कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, उत्पादन कम्पनीको नेपालमा रहेको आधिकारीक एजेण्ट (Importer) को हकमा उत्पादक कम्पनीबाट यस कार्यालयको नाममा सम्बोधन गरिएको Manufacturer's Authorization Letter को प्रमाणित प्रतिलिपी तथा अन्यको हकमा नेपालमा रहेको आधिकारीक एजेण्ट (Importer) बाट स्थानिय एजेण्टलाई यस कार्यालयमा दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको पत्र, Bid Submission Form, दरभाउपत्र दस्तुर वापतको रकमको यस कार्यालयमा जम्मा गरेको राजस्व नगदी रसिद वा यस कार्यालयको Sunrise Bank Limited, नरैनापुर, बाँकेमा रहेको धरौटी खाता नं 0740488087701004 शिर्षक नं 14229 मा जम्मा गरेको भौचर एवं जमानत वापतको रकम Sunrise Bank Limited, नरैनापुर, बाँकेमा रहेको संचित खाता नं.0740488087701001 मा रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त बै.बाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी कम्तीमा ९० दिन म्याद भएको जमानीपत्र (विडवण्ड) हरु सहितका कागजातहरु Scanning गरी तोकिएका Format मा बोलपत्रसाथ Upload गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइनेछ ।

४) दरभाउपत्रदाताले दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र फारमको Evaluation & Qualification Criteria मा उल्लेख भएका कागजातहरु समेत अनिवार्य रुपमा Upload गर्नुपर्नेछ । उक्त कागजातहरु पेश नगर्ने दरभाउपत्रदाताहरुको दरभाउपत्र मान्यता दिईने छैन ।

५) कार्यालयले Hard Copy दरभाउपत्र उपलब्ध गराउने छैन एवं कुनै दरभाउपत्रदाताले Download गरी Hard Copy दाखिला गर्न आएमा त्यस्तो दरभाउपत्रलाई कार्यालयले स्वीकार गर्नेछैन ।

६) दरभाउपत्रदाताले दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखी ७ (सात) दिनभित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ ।

७) दर्ता हुन आएका दरभाउपत्र फारमहरु दर्ता गर्ने अन्तिम मितिमा दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । फारम खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९) दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

१०) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

११) अन्य थप केही कुराहरु बुझ्नु परेमा यस गाउँपालिका कार्यालयमा कार्यालय समयभित्र फोन नं. ०८१-५२५०५० मा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्रज मानत रकम रु. |
|---|---|---|---|---|
| NRM/GOODS/ SQ/03/2075-076 | सोलार वाटर पम्पिंग सिस्टम जडान तथा खरिद कार्य | ६ थान | १०००/- | ४५०००/- |

दल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत